# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

स्वत: प्रकाशन

२०८० माघ – चैत

नेपाल सरकार

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

सिंहदरबार, काठमाडौं

**स्वतः प्रकाशन**

नेपालको संविधानले नागरिकहरूमा सूचनाको हक प्रत्याभूत गरेको छ। सूचनाको हकको संवैधानिक व्यवस्था कार्यान्वयनको लागि सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ कार्यान्वयनमा छ। सूचनाको हक सम्बन्धी ऐनको दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरूको विवरण ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आर्थिक वर्ष २०८०/८१ को माघ, फागुन र चैत महिनामा सम्पादन गरेका प्रमुख कामहरूको विवरण स्वतः प्रकाशन गरिएको छ।

मितिः २०८१ वैशाख ७ गते

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**सिंहदरबार ।**

## १. मन्त्रालयको परिचय

मुलुकको समग्र शैक्षिक प्रशासन तथा व्यवस्थापन एवम् विज्ञान तथा प्रविधि क्षेत्रको नेतृत्व गर्नको लागि स्थापित भएको शिक्षा, विज्ञान एवम् प्रविधि क्षेत्रको सर्वोच्च निकाय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय हो। यो संघीय मन्त्रालय हो। नेपालको शिक्षा र विज्ञान तथा प्रविधि सम्बन्धी राष्ट्रिय नीति निर्धारण, योजना निर्माण, कार्यक्रम कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्याङ्कन गरी मुलुकभरको शैक्षिक र विज्ञान तथा प्रविधि सम्बन्धी कार्य सम्पादनको प्रबन्ध मिलाउने जिम्मेवारी र दायित्व यस मन्त्रालयको रहेको छ। सुरुमा शिक्षा मन्त्रालयको नामबाट स्थापना भएको यस मन्त्रालय शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा तथा संस्कृति मन्त्रालय, शिक्षा, संस्कृति तथा समाजकल्याण मन्त्रालय, शिक्षा मन्त्रालय जस्ता नामाकरण हुँदै हाल शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय नाम कायम भई सबै शैक्षिक संस्थाहरूको केन्द्रिय निकायको रूपमा रहेको छ। शैक्षिक सेवा प्रवाहको लागि मन्त्रालय अन्तर्गत केन्द्रमा सङ्घीय निकायहरू, विश्वविद्यालयहरू, प्रतिष्ठानहरू, परियोजनाहरू, बोर्ड, आयोग, परिषद्, समिति, सचिवालय रहेका छन् भने जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय इकाई रहेका छन्। हाल स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम विद्यालय तहको शिक्षा सञ्चालन तथा व्यवस्थापन स्थानीय तहबाट भइरहेको छ।

## २. मन्त्रालयको काम, कर्तव्य र अधिकार

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गर्नु पर्ने कार्यहरू निम्न बमोजिम छन्:

१. शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन
२. केन्द्रीय विश्वविद्यालयसम्बन्धी नीति, कानुन र मापदण्ड
३. विदेशी विश्वविद्यालय/संस्थाको सम्बन्धन, समकक्षता, निर्धारण, प्रत्यायन (एक्रिडिटेशन),समन्वय तथा नियमन
४. केन्द्रीय पुस्तकालयसम्बन्धी नीति, कानुन र व्यवस्थापन
५. मानव संसाधन आवश्यकता प्रक्षेपण, राष्ट्रिय शैक्षिक योजना एवम् मानवस्रोत विकास योजना
६. विद्यालय तहको राष्ट्रिय पाठ्यक्रम प्रारूप, मुल विषयको पाठ्यक्रम, नमुना पाठ्यपुस्तक र नियमन
७. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको राष्ट्रिय नीति पाठ्यक्रम प्रारूप, योग्यता निर्धारण, सीप परीक्षणको मापदण्ड
८. विद्यालय तहको शिक्षकको सेवा सर्त, योग्यता एवम् समकक्षताको नीति र मापदण्ड
९. शिक्षक तालिमसम्बन्धी नीति, मापदण्ड र स्तरीकरण, पाठयक्रम प्रारूप, योग्यता निर्धारण, सिप परीक्षणको मापदण्ड तथा तालिम केन्द्रसँगको समन्वय
१०. विद्यालय तहको परीक्षाको राष्ट्रिय मापदण्ड, माध्यमिक तहको परीक्षा व्यवस्थापन तथा समकक्षता निर्धारण
११. कुटनीतिक नियोगबाट सम्बन्धन लिई सञ्चालन हुने शैक्षिक संस्थाको स्वीकृति
१२. विदेशी शैक्षिक संस्थाबाट सम्बन्धन लिई संचालन हुने शैक्षिक संस्थाको स्वीकृति, प्रत्यायन तथा नियमन
१३. प्रदेश तथा स्थानीय तहको शैक्षिक विषयमा समन्वय
१४. विश्वविद्यालय अनुदान आयोग, केन्द्रीय विश्वविद्यालय खुला विश्वविद्यालय र केन्द्रीयस्तरका शैक्षिक प्रतिष्ठान


१५. छात्रवृत्ति र विद्वत्वृत्तिसम्बन्धी नीति र मापदण्ड
१६. शैक्षिक अध्ययन, अनुसन्धानको स्वीकृति सम्बन्धी नीति, कानुन र मापदण्ड
१७. राष्ट्रिय प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन
१८. शैक्षिक गुणस्तर मानक निर्धारण, मापन तथा नियमन
१९. राष्ट्रिय परीक्षा बोर्ड, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
२०. विज्ञान प्रविधि सम्बन्धी नीति, कानुन, मापदण्ड
२१. वैज्ञानिक, अन्तरिक्ष विज्ञान र खगोल विज्ञान सम्बन्धी अध्ययन तथा अनुसन्धान
२२. विज्ञान र प्रविधिको खोज, अनुसन्धान, आविष्कार, प्रवर्द्धन र विकास
२३. विज्ञान प्रविधि विषयक तथ्यांक संकलन, प्रशोधन र सर्वेक्षणको मापदण्ड
२४. पारमाणविक प्रविधि, रेडियोधर्मी पदार्थहरूको गुणस्तर तथा उपयोग सम्बन्धी तथ्याङ्क प्रणालीको स्थापना व्यवस्थापन र नियमन
२५. जैविक तथा पारमाणविक प्रविधिको उपयोग तथा प्रवर्द्धन, नियन्त्रण र नियमन
२६. ओजोन अध्ययन, सौर्य–विकीरण मापन तथा सुचना प्रवाह
२७. वैज्ञानिक उपकरण क्यालिवे्रशन तथा प्रमाणीकरण
२८. रासायनिक पदार्थको उपयोग तथा प्रवर्द्धन, नियन्त्रण र नियमन
२९. पारमाणविक पदार्थ, बेवारिसे स्रोतहरूको खोज तथा पुनर्लाभ र व्यवस्थापन
३०. आणविक ऊर्जा सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन
३१. नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, राष्ट्रिय विधि विज्ञान प्रष्ठिान, प्लानेटोरियम, वेधशाला र विज्ञान सङ्ग्रहालय
३२. मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासंग सन्धि, सम्झौता अभिसन्धि, सम्पर्क र समन्वय
३३. मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति प्रतिष्ठान, कम्पनी आदिको संचालन र नियमन
३४. नेपाल शिक्षा सेवाको सञ्चालन (आर्कियोलजी समूहबाहेक)

उपर्युक्त बमोजिमको कार्यहरू सम्पादन गर्न मन्त्रालयमा ७ वटा महाशाखाहरू ३० वटा शाखा रहेका छन् ।

## ३. मन्त्रालयमा रहने कर्मचारी सङ्ख्या र कार्यविवरण

### ३.१ मन्त्रालयको विद्यमान संगठन संरचना

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको संगठन संरचना




## ३.२ मन्त्रालयको विद्यमान दरबन्दीको अवस्था

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको विद्यमान दरबन्दीको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

| सि.नं | पदको नाम | श्रेणी/स्तर | सेवा | समूह | उपसमूह | स्वीकृत पद |
|---|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट | _ | _ | | २ |
| २ | सहसचिव | रा.प.प्रथम | प्रशासन | सामान्य प्रशासन | | १ |
| ३ | सहसचिव | रा.प.प्रथम | इन्जि. | केमेष्ट्री | | १ |
| ४ | सहसचिव | रा.प.प्रथम | इन्जि. | | | १ |
| ५ | सहसचिव | रा.प.प्रथम | शिक्षा | शिक्षा प्रशासन | | ४ |
| ६ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | | ४ |
| ७ | सि.डि.इ. | रा.प.द्वितीय | इञ्जिनियर | विल्डी.एण्डआ. | | ० |
| ८ | सि.डि.के. | रा.प.द्वितीय | इन्जिनियर | केमेष्ट्री | | २ |
| ९ | उपसचिव | रा.प.द्वितीय | शिक्षा | शिक्षा प्रशासन | | १७ |
| १० | उपसचिव | रा.प.द्वितीय | प्रशासन | लेखा | | १ |
| ११ | वरिष्ठ पुस्तकालय अधिकृत | रा.प.द्वितीय | शिक्षा | पुस्तकालय विज्ञान | | १ |
| १२ | व.बा.स.अ. | रा.प.द्वितीय | कृषि | बाली संरक्षण | | ० |
| १३ | उपसचिव | रा.प.द्वितीय | न्याय | कानुन | | १ |
| १४ | सि.डि.इ. | रा.प.द्वितीय | इन्जि. | मेट्रोलोजी | | १ |
| १५ | सि.डि.इ. | रा.प.द्वितीय | इन्जि. | मेकानिकल | | २ |
| १६ | उपसचिव (सूचना | रा.प.द्वितीय | विविध | | | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रविधि) | | | | | |
| १७ | मेडिकल फिजिसिष्ट | आठौं | स्वास्थ्य | | | १ |
| १८ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | | १३ |
| १९ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | | २ |
| २० | शाखा अधिकृत | रा.प.तृतीय | शिक्षा | शिक्षा प्रशासन | निरीक्षण | २२ |
| २१ | कम्प्युटर अधिकृत | रा.प.तृतीय | विविध | _ | | १ |
| २२ | कम्प्युटर इञ्जिनियर | रा.प.तृतीय | विविध | _ | | १ |
| २३ | इन्जिनियर | रा.प.तृतीय | इन्जि. | जियोलोजी | | ० |
| २४ | इन्जिनियर | रा.प.तृतीय | इन्जि. | मेकानिकल | | १ |
| २५ | इन्जिनियर | रा.प.तृतीय | इन्जि. | मेट्रोलोजी | | ४ |
| २६ | इन्जिनियर | रा.प.तृतीय | इञ्जि. | जनरल इलेक्ट्रिक | | २ |
| २७ | इन्जिनियर | रा.प.तृतीय | इञ्जि. | इलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेसन | | १ |
| २८ | इन्जिनियर | रा.प.तृतीय | इञ्जि. | केमेष्ट्री | | १ |
| २९ | पुस्तकालय अधिकृत | रा.प.तृतीय | शिक्षा | शिक्षा प्रशासन | | १ |
| ३० | शाखा अधिकृत | रा.प.तृतीय | कृषि | | | ० |
| ३१ | शाखा अधिकृत | रा.प.तृतीय | न्याय | कानुन | | २ |
| ३२ | तथ्याङ्क अधिकृत | रा.प.तृतीय | तथ्याङ्क | | | १ |
| ३३ | स.वन अधिकृत | रा.प.तृतीय | वन | ज.फरेष्ट्री | | १ |
| ३४ | नायब सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | | २० |
| ३५ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | | २ |
| ३६ | प्राविधिक सहायक | रा.प.अनं.प्रथम | शिक्षा | शि.प्र. | निरीक्षण | १० |
| ३७ | पुस्तकालय सहायक | रा.प.अनं.प्रथम | शिक्षा | पु.विज्ञान | पु.विज्ञान | १ |
| ३८ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | _ | | १७ |
| ३९ | टेलिफोन अपरेटर | रा.प.अनं.प्रथम | विविध | _ | | १ |
| ४० | इलेक्ट्रिसियन | रा.प.अनं.प्रथम | इन्जिनियरिङ्ग | मे.इ. | ज.मे. | १ |
| ४१ | टाईपिष्ट | वेगअनुसार | प्रशासन | _ | | ० |
| ४२ | जनरल टेक्निसियन | रा.प.अनं.द्वितीय | विविध | | | ० |
| ४३ | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन | सा.प्र. | | ० |
| ४४ | हलुका सवारी चालक | श्रेणीविहीन | | | | १५ |
| ४५ | कार्यालय सहयोगी | श्रेणीविहीन | प्रशासन | | | २५ |
| ४६ | पाले | श्रेणीविहीन | प्रशासन | | | ० |
| ४७ | माली | श्रेणीविहीन | _ | | | ० |
| ४८ | कूचीकार | श्रेणीविहीन | _ | | | ० |
| | | | | **जम्मा** | | **१८५** |

## ३.३ महाशाखा र शाखागत कार्यविवरण

### (क) प्रशासन महाशाखा

१. मन्त्रिपरिषद्को बैठक तथा संसदमा पेश गर्नुपर्ने प्रशासनसम्बन्धी नीतिगत निर्णयका विषयहरू।

२. मन्त्रालय र अन्तर्गतका निजामती कर्मचारीहरूको नियुक्ति, सरूवा, पदस्थापना, पुरस्कार, विभागीय सजाय, अवकाश, स्वदेशी तथा विदेशी तालिम, अध्ययन, भ्रमण, गोष्ठी, सेमिनारसम्बन्धी कार्यहरू।

३. मन्त्रालयको स्वीकृत बार्षिक बजेट र आर्थिक कार्यविधि नियमावलीको परिधिमा रही खर्च गर्ने, लेखा परीक्षण गराउनेसम्बन्धी कार्यहरू।

४. मन्त्रालयको चालु तथा पूँजिगततर्फको बजेट तयार गर्ने गराउने, निकासा गर्ने, गराउने, केन्द्रीय हिसाब तयार गरी पेश गर्ने, गराउने कार्यहरू।

५. मन्त्रालय तथा मातहत निकायहरूको केन्द्रीय हिसाब तयार गरी पेश गर्ने गराउने र बेरूजु फछ्यौंट गर्ने गराउने कार्यहरू।

६. कर्मचारीको कार्य सम्पादन मूल्यांकन र अन्य गतिविधि र कृयाकलापहरूको व्यक्तिगत अभिलेख अद्यावधिक राख्ने-राख्न लगाउने कार्यहरू।

७. कानुनी राय परामर्श, ऐन-नियमको मस्यौदा राजपत्रमा सूचना प्रकाशन, रिट निवेदनहरूको लिखित जवाफसम्बन्धी कार्यहरू।

८. नागरिकले पाउनुपर्ने सेवा, सुविधा समूचित ढंगले पाए नपाएको, नागरिक बडापत्रको कार्यान्वयन स्थिति एवम् मानव संशाधन विकासका कार्यहरू।

९. प्रदेश तथा स्थानीय तहसंग सम्बन्धित शैक्षिक निकायहरूसंग सम्बन्धित जनशक्ति व्यवस्थापन, सहयोग, समन्वय तथा अनुगमनसम्बन्धी कार्यहरू।

१०. सबै महाशाखाहरूको प्रशासकीय कार्य सम्पादन गर्न समन्वय, सहयोग र नेतृत्वदायी कार्यहरू।

११. मन्त्रालय र अन्तर्गतका निकायहरूको कर्मचारीहरूको सेवा, शर्त तथा वृत्ति विकास लगायतका प्रचलित ऐन नियमसम्बन्धी कार्यहरू।

१२. आफ्नो महाशाखा अन्तर्गतका शाखाहरूको कार्यक्रम संचालन गर्दा आवश्यकता अनुसार लागत अनुमान स्वीकृत गर्ने, बोलपत्र तथा दरभाउपत्रसम्बन्धी कागजातहरू स्वीकृत गर्ने, कार्यविवरण स्वीकृत गर्ने तथा परामर्शदाता एवम् आपूर्तिकर्ताहरूसंग सम्झौता गर्ने कार्यहरू।

१३. आफ्नो महाशाखा अन्तर्गका शाखाहरूको लागि विनियोजन भएको बजेटबाट कार्यक्रम तयार गरी बजेट बाँडफाँड गराई स्वीकृत गर्ने व्यवस्था मिलाउने र गरी खरीद योजना तयार गर्न लगाउने कार्यहरू।

१४. मन्त्रालय र मातहतका निकाय, कार्यालयसंग सम्बन्धित जनगुनासो तथा उजुरी सुन्ने र सोको आवश्यक कारवाही गरी फछ्र्यौट गर्ने कार्यहरू ।

१५. हेलो सरकार कक्षसंचालन निर्देशिका २०६८ अनुसारका कार्यहरू संपादन गर्न आवश्यक पर्ने भौतिक साधनहरू (जस्तैः फ्याक्स, फोटोकपी, ल्यापटप, मोबाइल, इन्टरनेट, हलुका सवारी साधन, आदि) को प्राप्ति र तिनको सदुपयोग सुनिश्चित गर्नेसम्बन्धी कार्यहरू।

१६. मन्त्रालयले तोकेबमोजिम अन्य कार्यहरू।

## (ख) प्राविधिक तथा व्यावसायिक शिक्षा महाशाखा

१. मन्त्रिपरिषद्को बैठक, संसद, माननीय मन्त्रीज्यूसमक्ष पेश गर्नुपर्ने र नीतिगत निर्णय लिनुपर्ने विषयमा रायसहित पेश गर्नेसम्बन्धी कार्यहरू।

२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसम्बन्धी कामको व्यवस्था गर्ने गराउने कार्यहरू।

३. संघ, संस्था दर्ता गर्ने क्रममा मन्त्रालयको तर्फबाट राय प्रदान गर्नेसम्वन्धी कार्य गराउने तथा निर्णय गर्ने, कार्यहरू।

४. कुनै निकायले महाशाखासम्बन्धी विषयमा राय प्रतिक्रिया माग गरेकोमा मन्त्रालयको प्रचलित नीति र सिद्धान्त बमोजिम राय प्रतिक्रिया पठाउनेसम्बन्धी कार्यहरू।

५. आफ्नो महाशाखा अन्र्तगतका शाखाहरूका कर्मचारीहरूको समय पालनालाई नियमित गर्नेसम्बन्धी कार्यहरू।

६. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसम्बन्धी शिक्षण संस्थाहरूबाट सम्बन्धित ऐन तथा नियमावली र अरू प्रचलित कानुनको पालना भए नभएको विषयमा अनुगमन तथा निरीक्षण गरी गराई आवश्यकतानुसार कारवाही गर्ने वा सोको निम्ति पेश गर्नेसम्बन्धी कार्यहरू।

७. महाशाखाको कार्य क्षेत्र अन्तर्गतका अन्य विषयमा प्रचलित ऐन नियम र नीति निर्णयको सीमाभित्र रही अन्तिम टुङ्गो लगाउने वा सोको व्यवस्था मिलाउने र त्यस्ता नीति नियममा संशोधन सुधार गर्नुपर्ने भएमा सोको राय पेश गर्नेसम्बन्धी कार्यहरू।

८. आफ्नो महाशाखा अन्तर्गका शाखाहरूको लागि विनियोजन भएको बजेटबाट बजेट फाँडफाँड तयार गरी स्वीकृत गर्ने, कार्यक्रम तयार गरी गराई स्वीकृत गर्ने व्यवस्था मिलाउने र प्रशासन महाशाखासंग समन्वय गरी खरीद योजना तयार गर्न लगाउने सम्बन्धी कार्यहरू।

९. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरूसंग कार्यमा समन्वय गर्ने कार्यहरू।

१०. प्राविधिक तथा व्यावसायिक शिक्षा विकासका लागि आवश्यक नीति, नियमहरूको तर्जुमा गर्ने एवम् विषयगत कार्यहरू।

११. प्राविधिक शिक्षासम्बन्धी कार्यहरू गर्ने र निर्णय कार्यान्वयन गराउने कार्यहरू।

१२. मेडिकल तथा इन्जिनियरिङ्ग लगायतका प्राविधिक विषयमा उच्च शिक्षा अध्ययनको लागि छात्रवृत्ति माग गर्ने गराउनेसम्बन्धी कार्यहरू।

१३. प्रविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्संग समन्वय तथा आवश्यकता अनुसार निर्देशन दिने कार्यहरू।

१४. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र यससम्बन्धी अन्य संस्थाहरूलाई व्यवस्थापकीय सहयोग प्रदान गर्नेसम्बन्धी कार्यहरू।

१५. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसम्बन्धी अनुगमन, मूल्याङ्कन गर्ने र यससम्बन्धी प्रशासन सञ्चालन गर्नेसम्बन्धी कार्यहरू।

१६. निजी क्षेत्रमा सञ्चालित मेडिकल तथा इन्जिनियरिङ कलेजहरूले दिनुपर्ने छात्रवृत्तिको कोटा निर्धारण गर्नेसम्बन्धी कार्यहरू।

१७. नेपाल मेडिकल काउन्सिल, नेपाल इन्जिनियरिङ् परिषद् तथा नेपाल नर्सिङ परिषद्, नेपाल फार्मेसी परिषद्, नेपाल स्वास्थ्य परिषद् लगायत अन्य सम्बन्धित परिषद्संग समन्वय गर्ने कार्यहरू।

१८. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक शैक्षिक संस्थाहरूको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक सुधारका लागि पृष्ठपोषण दिनेसम्बन्धी कार्यहरू।

१९. प्राविधिक शिक्षा क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरूसंग आवश्यक समन्वय गर्ने।

२०. उच्च तथा प्राविधिक शिक्षामा छात्रवृत्ति व्यवस्थापनसम्बन्धी नीति, नियमको तर्जुमा गर्ने।

२१. उच्च तथा प्राविधिक शिक्षा अध्ययन गर्नका लागि मन्त्रालयलाई स्वदेश तथा विदेशबाट प्राप्त सबै तहका छात्रवृत्तिका लागि उम्मेदवार छनौट गर्ने, सिफारिस गर्ने र यसको अभिलेख व्यवस्थापन गर्नेसम्बन्धी कार्यहरू।

२२. स्वदेश अथवा विदेशमा अध्ययन वा तालिममा जाने र फर्केर आएका व्यक्तिहरूको अभिलेख व्यवस्थापनसम्बन्धी कार्यहरू।

२३. मित्रराष्ट्रहरूसंग समन्वय गरी नेपालका लागि प्राथमिकता प्राप्त विभिन्न विषय र तहमा छात्रवृत्ति उपलब्ध गराउन पहल गर्ने, गराउने कार्यहरू।

२४. छात्रवृत्तिमा छनौट भई अध्ययन गरेका वा छनौट भएर पनि अध्ययन गर्न नजाने विद्यार्थीलाई बिगो निर्धारणसम्बन्धी कार्यहरू गर्ने, गराउने।

२५. नेपालमा नेपाली भाषा लगायतका विभिन्न विषयमा अध्ययन गर्न आउने विदेशी नागरिकका लागि नेपाल सरकारबाट प्रदान गरिने छात्रवृत्ति व्यवस्थापनसम्बन्धी कार्य गर्ने, गराउनेसम्बन्धी कार्यहरू।

२६. मन्त्रालयलाई स्वदेश तथा विदेशबाट प्राप्त सबै तहका छात्रवृत्तिका लागि उम्मेदवार छनौट गर्ने, सिफारिस गर्ने र यसको अभिलेख व्यवस्थापन गर्नेसम्बन्धी कार्यहरू।

२७. निजी क्षेत्रमा संचालित मेडिकल तथा इन्जिनियरिङ्ग लगायत प्राविधिक विषयमा कलेजहरूले दिनुपर्ने छात्रवृत्तिको कोटा निर्धारण गर्नेसम्बन्धी कार्यहरू।

२८. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम निर्देशक समितिको सचिवालयसम्बन्धी कार्यहरू।

२९. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीति, नियम तथा निर्देशिका निर्माण गरी लागू गर्ने गराउनेसम्बन्धी कार्यहरू।

३०. सञ्चार माध्यमहरूसंग समन्वय र सहकार्य गरी शैक्षिक नीतिहरूको कार्यान्वयनमा सहजीकरण गर्ने कार्यहरू।

३१. मन्त्रालयले तोकेबमोजिम अन्य कार्यहरू।

## (ग) विद्यालय शिक्षा महाशाखा

१. मन्त्रिपरिषद्को बैठक, संसद तथा माननीय मन्त्रीज्यू समक्ष पेश गर्नुपर्ने र नीतिगत निर्णय लिनुपर्ने विषयमा राय सहित पेश गर्नेसम्बन्धी कार्यहरू।

२. प्रारम्भिकबाल शिक्षासंग सम्बन्धी नीति तर्जुमा गर्ने मापदण्ड निर्धारण गर्ने आवश्यक समन्वय गर्ने कार्यहरू।

३. आधारभूत तथा माध्यमिक विद्यालय र शिक्षक दरबन्दी कोटा सम्बन्धमा योजना महाशाखासंग समन्वय गरी वितरणको व्यवस्था गर्ने कार्यहरू।

४. विद्यालयतहको छात्रवृत्ति माग तथा छनौट व्यवस्था गर्ने, गराउने कार्यहरू।

५. महिला शिक्षासम्बन्धी निर्देशिका तयार गर्ने, गर्न लगाउने कार्यहरू।

६. शिक्षक प्रशिक्षणसम्बन्धी कार्यक्रममा समन्वय ल्याई कार्यान्वयन गर्ने, गराउने लगाउने कार्यहरू।

७. विद्यालयहरूका लागि आवश्यक रकम बजेटमा व्यवस्था गर्नेसम्बन्धी कार्यहरू।
८. विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको सरूवा र काज सम्वन्धमा निर्देशन दिने र निर्णय गर्ने कार्यहरू।
९. कुनै निकायले महाशाखासम्बन्धी विषयमा राय प्रतिक्रिया माग गरेकोमा मन्त्रालयको प्रचलित नीति र सिद्धान्त बमोजिम राय प्रतिक्रिया पठाउनेसम्बन्धी कार्यहरू।
१०. महाशाखासम्बन्धी कार्यमा कुनै निकाय वा पदाधिकारीसंग राय लिनुपरेमा राय लिनेसम्बन्धी कार्यहरू।
११. आफ्नो महाशाखा अन्रतगतका शाखाहरूका कर्मचारीहरूको समय पालना गर्नेसम्बन्धी कार्यहरू।
१२. शिक्षण संस्थाहरूबाट प्रचलित ऐन तथा नियमावली र अरू प्रचलित कानुनको पालना भए नभएको विषयमा अनुगमन तथा निरीक्षण गरी गराई आवश्यकतानुसार कारवाही गर्ने वा सोको निम्ति पेश गर्नेसम्बन्धी कार्यहरू।
१३. महाशाखाको कार्यक्षेत्र अन्तरर्गतका अन्य विषयमा प्रचलित ऐन नियम र नीति निर्णयको सीमाभित्र रही अन्तिम टुङ्गो लगाउने वा सोको व्यवस्था मिलाउने र त्यस्ता नीति नियममा संशोधन सुधार गर्नुपर्ने भएमा सोको राय पेश गर्नेसम्बन्धी कार्यहरू।
१४. आफ्नो महाशाखा अन्तर्गतका कर्मचारीहरूको कार्यालय समयबाहिर काम–काज गराउँदा अर्थ मन्त्रालयको स्वीकृत नम्र्स र स्वीकृत कार्यक्रमसम्बन्धी कार्यहरू।
१५. आफ्नो महाशाखा अन्तर्गका शाखाहरूको लागि विनियोजन भएको बजेटबाट बजेट फाँडफाँड तयार गरी स्वीकृत गर्ने, कार्यक्रम तयार गरी गराई स्वीकृत गर्ने व्यवस्था मिलाउने र प्रशासन महाशाखासंग समन्वय गरी खरीद योजना तयार गर्न लगाउनेसम्बन्धी कार्यहरू।
१६. सरकारी, सार्वजानिक र सामुदायिक पुस्तकालयहरूसम्बन्धी नीति, नियम तथा योजना र सोसम्बन्धी कार्यमा समन्वय र सहजीकरण गर्नेसम्बन्धी कार्यहरू।
१७. शिक्षामा समावेशीकरण र लैङ्गिक विषयहरूको समन्वय गर्नेसम्बन्धी कार्यहरू।
१८. स्वयम् सेवा परिचालन तथा भीषा सिफारिससम्बन्धी नीति, नियम तथा योजना तर्जुमा गर्ने, गराउने कार्यहरू।
१९. शैक्षिक परामर्शसम्बन्धी सस्थाहरूको अनुमति, नवीकरण, अनुगन तथा मूल्यांकन गर्ने, गराउने कार्यहरू।
२०. शैक्षिक प्रमाणिकरणसम्बन्धी कार्यहरू गर्ने, गराउने कार्यहरू।
२१. वैकल्पिक तथा निरन्तर शिक्षासम्बन्धी नीति, नियम तथा योजनासम्बन्धी कार्य गर्ने, गराउने कार्यहरू।
२२. राष्ट्रिय परीक्षा बोर्डसंग सम्बन्धित नीति, नियम तथा योजनासम्बन्धी कार्यमा समन्वय गर्ने, गराउने कार्यहरू।
२३. विद्यालयतहमा संचालन हुने पोषणसम्बन्धी नीति, नियम तथा योजनासम्बन्धी कार्यहरू गर्ने, गराउने कार्यहरू।
२४. शिक्षासम्बन्धी समय समयमा हुने अध्ययन जाँचवुझ छानविन समितिको लागि आवश्यक व्यवस्थापन गर्ने कार्यहरू।

२५. विभिन्न आयोग, अध्ययन, जाँचबुझ समिति, अध्ययन कार्यदलमार्फत् प्राप्त प्रतिवेदन लगायत पुराना महत्वपूर्ण अभिलेखहरूको संरक्षण व्यवस्थापन गर्ने कार्यहरू।

२६. विद्यालय तहका पाठ्यक्रम तथा पाठ्यपुस्तकसम्बन्धी नीति, नियम तथा योजनासम्बन्धी कार्यहरू गर्ने, गराउने कार्यहरू।

२७. जनक शिक्षासंग सम्बन्धित नीति, नियम, तथा योजनासम्बन्धी कार्यहरू गर्ने, गराउने कार्यहरू।

२८. मन्त्रालयले तोकेबमोजिम अन्य कार्यहरू।

## (घ) उच्च शिक्षा महाशाखा

१. मन्त्रिपरिषद्को बैठक, संसद, माननीय मन्त्रीज्यू समक्ष पेश गर्नुपर्ने र नीतिगत निर्णय लिनुपर्ने विषयमा रायसहित पेश गर्नेसम्बन्धी कार्यहरू।

२. निजी स्रोतमा विदेशमा अध्ययन गर्न जाने विद्यार्थीहरूका लागि विषय स्वीकृति तथा विदेशी मुद्रा उपलव्ध गराउने सम्वन्धमा सम्वन्धित निकायमा सिफारिश गर्ने, गराउनेसम्बन्धी कार्यहरू।

३. विश्वविद्यालयहरूसम्बन्धी कार्यको आवश्यक व्यवस्था गर्ने विषयगत कार्यहरू।

४. उच्च शिक्षा संचालन गर्ने संस्था दर्तागर्ने क्रममा मन्त्रालयको तर्फबाट राय प्रदान गर्नेसम्बन्धी कार्य गराउने तथा निर्णय गर्ने, गराउने कार्यहरू।

५. कुनै निकायले महाशाखासम्बन्धी विषयमा राय प्रतिक्रिया माग गरेकोमा मन्त्रालयको प्रचलित नीति र सिद्धान्त बमोजिम राय प्रतिक्रिया पठाउनेसम्बन्धी कार्यहरू।

६. आफ्नो महाशाखा अन्र्तगतका शाखाहरूका कर्मचारीहरूको समय पालनासम्बन्धी कार्यहरू।

७. विश्वविद्यालय एवम् शिक्षण संस्थाहरूले प्रचलित ऐन तथा नियमावली र अरू प्रचलित कानुनको पालना भए–नभएको विषयमा अनुगमन तथा निरीक्षण गरी गराई आवश्यकतानुसार कारवाही गर्ने वा सोको निम्ति पेश गर्नेसम्बन्धी कार्यहरू।

८. महाशाखाको कार्यक्षेत्र अन्तर्गतका अन्य विषयमा प्रचलित ऐन नियम र नीति निर्णयको सीमाभित्र रही अन्तिम टुङ्गो लगाउने वा सोको व्यवस्था मिलाउने र त्यस्ता नीति नियममा संशोधन सुधार गर्नुपर्ने भएमा सोको राय पेशगर्नेसम्बन्धी कार्यहरू।

९. आफ्नो महाशाखा अन्तर्गका शाखाहरूको लागि विनियोजन भएको बजेटबाट बजेट फाँडफाँड तयार गरी स्वीकृत गर्ने, कार्यक्रम तयार गरी गराई स्वीकृत गर्ने व्यवस्था मिलाउने र प्रशासन महाशाखासंग समन्वय गरी खरीद योजना तयार गर्न लगाउनेसम्बन्धी कार्यहरू।

१०. उच्च शिक्षासंग सम्बन्धित शैक्षिक नीति, नियम, योजना तथा कार्यक्रमको तर्जुमा गर्ने कार्यहरू।

११. प्राज्ञिक अनुसन्धानमा संलग्न उच्च शिक्षासम्बन्धी सङ्घ–संस्थाहरूसंग समन्वय गर्ने कार्यहरू।

१२. वैदेशिक शिक्षण संस्था तथा विश्व विद्यालयहरूसंग सम्पर्क विन्दुको काम गरी विदेशी शिक्षण संस्था वा विश्वविद्यालयसंग सम्बन्धन लिई उच्च शिक्षा सञ्चालन गर्नका लागि नीतिगत व्यवस्थासम्बन्धी कार्यको समन्वय गर्ने कार्यहरू।

१३. विदेशी शिक्षण संस्थाले नेपालमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धमा आवश्यक नीति, नियम र निर्देशिकासम्बन्धी कार्यहरू।

१४. विदेशी शिक्षण संस्थासंग सम्बन्धन लिई सञ्चालन गर्न चाहने क्याम्पस तथा शैक्षिक संस्थाहरूको सञ्चालन अनुमति, ठाँउसारी, नाम परिवर्तन, गाभ्ने तथा खारेजीसम्बन्धी कार्यहरू।

१५. प्रचलित कानुन बमोजिम नेपाल सरकारको सम्बन्धन लिई सञ्चालनमा आएका शिक्षण संस्थाहरूको निरीक्षण तथा अनुगमन गर्ने तथा संस्थाहरूको सम्बन्धन नवीकरण गर्नेसम्बन्धी कार्यहरू।

१६. केन्द्रिय विश्वविद्यालयका उपकुलपतीहरूलाई मन्त्रालयको सल्लाहकार समूहको रूपमा विकास गर्ने आवश्यक कार्यहरू गर्ने।

१७. विश्वविद्यालय अनुदान आयोग र विश्वविद्यालयहरूसंग समन्वयसम्बन्धी कार्यहरू।

१८. मन्त्रालयसंग सम्बन्धित नीति, नियम, तथा योजनाको विश्लेषण र सोसंग सम्बन्धित अनुसन्धानसम्बन्धी कार्यहरू।

१९. उच्च शिक्षा विकासका लागि गर्नुपर्ने नीतिगत सुधारका लागि अनुसन्धात्मक कार्यहरू।

२०. उच्च शिक्षाको क्षेत्रमा प्राविधिक विषयमा मनसाय–पत्र प्रदान गर्नेसम्बन्धी नीति, नियम निर्माणसम्बन्धी कार्यहरू।

## (ङ) योजना तथा अनुगमन महाशाखा

१. मन्त्रिपरिषद्को बैठक, संसद र माननीय मन्त्रीज्यू समक्ष पेश गर्नुपर्ने र नीतिगत निर्णय लिनुपर्ने विषयमा रायसहित पेश गर्नेसम्बन्धी कार्यहरू।

२. स्वीकृत परियोजना अन्तर्गतका विदेशी सल्लाहाकार, स्वयंसेवक तथा विशेषज्ञहरूको अफिसियल र गैरपर्यटकीय भीषा सिफारिससम्बन्धी कार्यहरू।

३. नेपाल सरकारको तर्फबाट हस्ताक्षर भएको Project हरूको Proposal मा उल्लेख भएका सामग्रीहरू झिकाउने कार्यहरू।

४. शिक्षा, विज्ञान तथा प्रविधि र योजनाहरूको अध्ययन तथा अनुसन्धान गर्ने, जनशक्तिको प्रक्षेपण गर्ने, उत्पादन गर्ने र योजना र कार्यक्रम विकास गर्नेसंग सम्बन्धित कार्यहरू।

५. मन्त्रालय र अन्तर्गतका सम्पूर्ण कार्यक्रमहरूको योजना र कार्यक्रम तथा बजेट तर्जुमा गर्ने गराउने, मार्ग निर्देशन दिने र सोको विवरण अद्यावधिक गरी राख्न लगाउने कार्यहरू।

६. वैदेशिक सहायता ऋण अनुदानसंग सम्बन्धित सम्पूर्ण कार्यक्रम/आयोजनाहरूको विवरण अध्यावधिक राख्ने र सोसंग सम्बन्धित कार्यक्रमहरूमा समन्वय गर्ने कार्यहरू।

७. योजना तथा कार्यक्रमसम्बन्धी बैठकहरूमा भाग लिने, लिन लगाउने कार्यहरू।

८. कुनै निकायले महाशाखासम्बन्धी विषयमा राय प्रतिक्रिया माग गरेकोमा मन्त्रालयको प्रचलित नीति र सिद्धान्त बमोजिम राय प्रतिक्रिया पठाउने कार्यहरू।

९. राष्ट्रिय योजना आयोगबाट प्राप्त मार्गदर्शन तथा बजेट सिलिङको आधारमा विभिन्न निकायहरूको निमित्त वार्षिक बजेट सिलिङ स्वीकृत गराई पठाउनेसम्बन्धी कार्यहरू।

१०. शिक्षा, विज्ञान तथा प्रविधिसम्बन्धी आवधिक योजना र मध्यावधिक खर्च संरचना तयार गरी मन्त्रालयबाट स्वीकृती गराई राष्ट्रिय योजना आयोगमा पेश गर्ने, गराउने कार्यहरू।

११. शिक्षा, विज्ञान तथा प्रविधि र अन्तर्गतका निकायबाट तयार भएका वार्षिक कार्यक्रमहरूको चेक जाँच गरी सचिवबाट स्वीकृत गराएर राष्ट्रिय योजना आयोगमा पेश गर्ने कार्यहरू।

१२. अर्थ मन्त्रालयसंग छलफल गरी मन्त्रालयको बजेटलाई अन्तिम रूप दिने कार्यहरू।

१३. शिक्षा, विज्ञान तथा प्रविधिसम्बन्धी योजना तथा कार्यक्रममा लगानीको लागि दातृ निकायहरूसंग छलफल गर्ने र वार्षिक बजेट तथा कार्यक्रमबारे परामर्श गर्नेसम्बन्धी कार्यहरू।

१४. SAARC, BIMSTEC जस्ता अन्तराष्ट्रिय संस्थाहरू शिक्षा, विज्ञान तथा प्रविधिसम्वन्धी विषयहरूमा सम्पर्क विन्दुको रूपमा काम गर्ने कार्यहरू।

१५. वैदेशिक सहायतामा संचालित योजनाहरूको नियमित समीक्षा गर्ने कार्यहरू।

१६. शहीद प्रतिष्ठान लगायतका नेपाल सरकारको अनुदान पाइरहेका संस्थाहरू र सरकारबीच नीतिगत समन्वय गर्ने कार्यहरू।

१७. नेपाल सरकारको बजेट खर्च हुने शिक्षा, विज्ञान तथा प्रविधि क्षेत्रमा संचालन हुने क्रियाकलापहरूमा र कुनै निकायले महाशाखाको राय प्रतिक्रिया माग गरेकोमा मन्त्रालयको प्रचलित नीति र सिद्धान्तबमोजिम राय प्रतिक्रिया दिनेसम्बन्धी कार्यहरू।

१८. महाशाखासम्बन्धी कार्यमा कुनै निकाय वा पदाधिकारीसंग राय लिनु परेमा राय माग गर्ने कार्यहरू।

१९. महाशाखाको कार्यक्षेत्र अन्तरर्गतका अन्य विषयमा प्रचलित ऐन नियम र नीति निर्णयको सीमाभित्र रही अन्तिम टुङ्गो लगाउने वा सोको व्यवस्था मिलाउने र त्यस्ता नीति नियममा संशोधन सुधार गर्नुपर्ने भएमा सोको राय पेश गर्ने कार्यहरू।

२०. आफ्नो महाशाखा अन्तर्गतका कर्मचारीहरूको कार्यालय समय बाहिर काम काज गराउदा अर्थ मन्त्रालयको स्वीकृत नर्म्स र स्वीकृत कार्यक्रम अनुसार खर्च गर्नेसम्बन्धी कार्यहरू।

२१. राज्यका सम्पूर्ण शैक्षिक तथ्याङ्क सङ्कलन गरी गराई व्यवस्थित रूपमा केन्द्रीय अभिलेख राख्न लगाउने र प्रकाशन गर्ने समेतका कार्यहरू।

२२. विभिन्न तह र विषयका डिजिटल पाठहरू निर्माणका लागि नीति नियम निर्माण गर्ने, गराउने कार्यहरू।

२३. अनुगमन योजना तयार गर्ने कार्यहरू।

२४. राष्ट्रिय विकास समाधान समिति, मन्त्रिस्तरीय विकास समस्या समाधान समितिको बैठक संचालनका लागि पूर्व तयारीसम्बन्धी कार्यहरू।

२५. मन्त्रालय अन्तरगत भए गरेका कार्यहरूको समितिगत वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने र प्रकाशन गर्ने कार्यहरू।

२६. आफ्नो महाशाखा अन्तर्गका शाखाहरूको लागि विनियोजन भएको बजेटबाट कार्यक्रम तयार गरी बजेट बाँडफाँड गराई स्वीकृत गर्ने व्यवस्था मिलाउने र आन्तरिक व्यवस्थापन शाखासंग समन्वय गरी खरीद योजना तयार गर्न लगाउनेसम्बन्धी कार्यहरू।

२७. आफ्नो महाशाखा अन्तर्गतका शाखाहरूबाट सम्पादन गरिने कार्यक्रमहरू संचालन गर्दा सरकारी खर्चमा मितव्ययितासम्बन्धी निर्देशिकालाई पालना गर्न, गारउने कार्यहरू।

२८. देशको लागि आवश्यक पर्ने विभिन्न प्रकारका जनशक्तिको प्रक्षेपण गर्ने जनशक्ति विकासका लागि योजना बनाउने र जनशक्ति विकाससंग सम्बन्धित नीति, तर्जुमा गर्ने।

२९. प्रदेश तथा स्थानीय स्तरमा आवश्यक पर्ने जनशक्ति विकासका लागि समन्वयको कार्य गर्ने।

३०. मन्त्रालयले तोकेबमोजिम अन्य कार्यहरू।

## (च) विज्ञान प्रविधि महाशाखा

१. विज्ञान प्रविधिका विविध विधाहरूमा नीति निर्माण र मौजुदा निति आवश्यकता अनुसार परिमार्जन गर्ने।

२. विज्ञान प्रविधिका विविध विधाहरूमा अध्ययन अनुसन्धान गर्न प्राथमिकता निर्धारण गर्ने।

३. विज्ञान प्रविधिका विविध विधाहरूमा भएका नविनतम खोज, अनुसन्धान नतिजा र प्रविधिवारे सुशुचित गराउने।

४. विज्ञान प्रविधिका विविध विधाहरूमा गोष्ठी, सेमिनार, तालिम, सम्मेलन आयोजना गर्ने।

५. विज्ञान प्रविधिका विविध विधाहरूमा आयोजना हुने अन्तर्राष्ट्रिय सभा सम्मेलनमा सहभागीता जनाउने।

६. देशमा उपलव्ध स्रोत साधन तथा जनशक्तिको अधिकतम उपयोगमा विज्ञान प्रविधिलाई सशक्त माध्यमका रूपमा प्रयोग गर्ने।

७. विज्ञान प्रविधिका विविध विधाहरूका राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संगठनहरू विच साझेदारी प्रवर्द्धन गर्ने।

८. विज्ञान प्रविधिको योजनावद्ध विकासलाई देशको सर्वागिण विकास प्रक्रियासंग आवद्ध गरी कार्यक्रमहरू संचालन गर्ने।

९. विज्ञान प्रविधिका क्षेत्रमा द्विपक्षीय, वहुपक्षीय, क्षेत्रीय र अन्तराष्ट्रिय निकायहरूसंग आपसी सहयोग र समन्वय अभिवृद्धि गरी क्षेत्रीय एवं अन्तर्राष्ट्रिय जगतमा उपलब्ध विज्ञान तथा प्रविधि सम्बन्धी ज्ञान र सीपको अधिकतम उपयोगको वातावरण तयार गर्ने।

१०. विज्ञान प्रविधि क्षेत्रको विकास एवं उपयोगका लागि सहजकर्ता, प्रवर्द्धक तथा समन्वयकर्ता समेतको भूमिका निर्वाह गरी कार्यक्रमहरू संचालन गर्ने।

११. विज्ञान प्रविधि सम्बन्धी विश्वविद्यालयस्तरीय अध्ययन अध्यापनलाई अनुसन्धानसंग आवद्ध गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने।

१२. देशका विभिन्न स्थानमा विज्ञान प्रविधि अध्ययन केन्द्रको विकास तथा व्यवस्थापनमा सघाउ पुर्याउने।

१३. वैज्ञानिक, अन्तरिक्ष विज्ञान र खगोल विज्ञान सम्बन्धी अध्ययन अनुसन्धान गर्ने, गराउने।

१४. विज्ञान प्रविधि विषयक तथ्याङ्क संकलन, प्रशोधन र सर्वेक्षणको मापदण्ड तयार गर्ने।

१५. विज्ञान प्रविधिको उच्चतम विकासमा दिगो विकास, प्राकृतिक श्रोतको व्यवस्थापन र वातावरण संरक्षणको अवधारणालाई आत्मसात गरी योजना तर्जुमा तथा कार्यान्वयनमा जोड दिने।

१६. विज्ञान प्रविधिको प्रयोगबाट गुणस्तरीय निकासी योग्य वस्तुको उत्पादनलाई बढावा दिई आयात प्रतिस्थापन गर्न सहयोग गर्ने।

१७. विज्ञानप्रविधिका क्षेत्रमा उत्पादित दक्ष जनशक्तिलाई राष्ट्र हितमा परिचालन गर्ने।

१८. वैज्ञानिक तथा प्राविधिज्ञहरूको उच्च मनोवल कायम राखी विदेशमा रहेका अन्तर्राष्ट्रिय ख्यातिप्राप्त नेपाली वैज्ञानिकहरूलाई आकर्षित गर्न र प्रतिभा पलायन न्यूनीकरण गर्न उपयुक्त वातावरण सृजना गर्न पहल गर्ने।

१९. अन्तरिक्ष प्रविधि केन्द्र एवं अति शुक्ष्म प्रविधि केन्द्रहरूको स्थापनाको लागि गृहकार्यको थालनी गर्ने।

२०. निजी क्षेत्र, प्राज्ञिक क्षेत्र र अन्तर्राष्ट्रिय विकास संस्थाहरूसँग निकटतम सम्बन्ध स्थापित गर्दै विज्ञान प्रविधि प्रवर्द्धन सम्बन्धमा नीति बनाउने।

२१. प्रविधिको क्षेत्रमा नवप्रवर्तन र अनुसन्धान तथा विकासमा सघाउ पुरयाउने।

२२. प्रविधिसँग सम्बन्धित शैक्षिक प्रतिष्ठानहरूमा गुणस्तरीय मापदण्ड कायम गर्नको लागि आवश्यक कार्य गर्ने।

२३. विज्ञान प्रविधिको क्षेत्रको विकास गर्न प्रत्यक्ष विदेशी लगानी तथा प्रविधि हस्तान्तरणको लागि पहल गर्ने।

२४. नेपालमा अन्तरिक्ष प्रविधि (Space Technology) को अधिकतम प्रयोग गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पहल गर्ने।

२५. वौद्धिक सम्पत्ति सम्बन्धी अधिकार (Intellectual Property Right), जैविक सुरक्षा (Bio safe), जैविक निगरानी (Bio Survillance) तथा जैविक नैतिकता (Bio-Ethics) जस्ता विषयहरूमा अधिकार सुनिश्चित गर्ने।

२६. तन्तु प्रविधि (Tissues Culture), वन, कृषि र खाद्यान्न, जडिबूटी, च्याउ उत्पादन तथा प्रशोधन प्रणाली र पशु तथा मानव स्वास्थ्य प्रणाली समेतमा जैविक प्रविधिलाई प्रयोगमा ल्याउन निरन्तर रूपमा अनुसन्धान गर्न प्रोत्साहन गर्ने।

२७. विज्ञान प्रविधिका विविध क्षेत्रमा अनुसन्धान, विकास तथा विस्तारमा निजि क्षेत्रको सहभागिता प्रवर्द्धन गर्ने।

२८. विभिन्न प्रविधिहरूको अनुसन्धान, विकास र व्यावसायीकरणका लागि पहल गर्ने।

२९. छिमेकी तथा अन्य विकासोन्मुख देशहरूसंग प्रविधिको आदान प्रदान गर्ने र नेपालका विकास साझेदारहरूसंगको सुसम्बन्धलाई प्रविधिको विकास र विस्तारको निम्ति अधिकतम प्रयोग गर्ने ।

३०. नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, प्लानेटेरियम, बेधशाला र विज्ञान संग्रहालय सम्बन्धी समन्वयात्मक कार्यहरू गर्ने।

३१. मन्त्रालयले तोके बमोजिमका अन्य कार्यहरू गर्ने।

### (छ) पारमाणविक पदार्थ व्यवस्थापन महाशाखा

१. नेपालमा पारमाणविक तथा रेडियोधर्मी पदार्थको तथ्याङ्क प्रणालीको स्थापना, व्यवस्थापन र नियमन सम्वन्धी कार्य गर्ने।

२. पारमाणविक पदार्थ, वेवारिसे श्रोतहरूको खोज तथा पूनर्लाभ र व्यवस्थापन सम्वन्धी कार्य गर्ने।

३. आणविक उर्जा सम्बन्धी नीति, कानुन, मापदण्ड निर्माण, कार्यान्वयन र नियमन गर्ने।

४. रासायनिक पदार्थको उपयोग तथा प्रवर्द्धन, नियन्त्रण र नियमन गर्ने।

५. पारमाणविक एवं नाभिकिय विज्ञानप्रविधिको शान्तिपूर्ण प्रयोगको सुनिश्चितताका लागि आवश्यक मापदण्ड, निर्देशिका, कार्यविधि निर्माण गर्ने।

६. पारमाणविक पदार्थ सम्वन्धी ऐन कार्यन्वयनका लागि आवश्यक नियम, निर्देशिका, मापदण्ड तथा फारमहरू निर्माण गर्ने।

७. पारमाणविक प्रविधिको उपयोग तथा प्रवर्द्धन र त्यसको अनुगमन, नियमन, नियन्त्रण र सो सम्वन्धी जनशक्तिको विकास र उपयोग गर्ने।

८. रेडियोधर्मी पदार्थको आयात, ढुवानी, भण्डारण, जडान, प्रयोग तथा विसर्जन सम्वन्धमा आवश्यकता अनुरूप स्थलगत निरीक्षण गर्ने।

९. पारमाणविक पदार्थको प्रयोग र उपयोग सम्वन्धी सचेतनामुलक कार्यक्रमहरू संचालन गर्ने।

१०. पारमाणविक प्रविधिको उपयोग तथा विकास सम्वन्धी समयसापेक्ष नीति निर्माण तथा परिमार्जन गर्ने।

११. पारमाणविक विज्ञानका विविध विधाहरूमा अध्ययन अनसन्धान गर्न प्राथमिकता निर्धारण गर्ने।

१२. पारमाणविक विज्ञानका विविध विधाहरूमा नविनतम खोज, अनुसन्धान नतिजा र प्रविधिवारे सुसूचित गराउने।

१३. पारमाणविक विज्ञानका विविध विधाहरूमा गोष्ठी, सेमिनार, तालिम, सम्मेलन आयोजना गर्ने।

१४. पारमाणविक विज्ञानका विविध विधाहरूमा आयोजना हुने अन्तर्राष्ट्रिय, सभा सम्मेलन, तालिम, प्रशिक्षणमा सहभागीताका लागि उपयुक्त उमेद्द्वारको मनोनयन सिफारिश गर्ने।

१५. पारमाणविक प्रविधिको शान्तिपूर्ण प्रयोग तथा विकासका लागि अन्तर्राष्ट्रिय आणविक उर्जा एजेन्सि (International Atomic Energy Agency-IAEA) तथा क्षेत्रीय सहयोग सम्झौता (Regional Cooperative Agreement-RCA) लगायतका निकायहरूसंग आवश्यक समन्वय गर्ने।

१६. अन्तर्राष्ट्रिय आणविक उर्जा एजेन्सी (IAEA) तथा क्षेत्रीय सहयोग सम्झौता (RCA) को प्राविधिक सहायतामा नेपालमा संचालित परियोजनाहरूको अनुगमन, मुल्यांकन, समन्वय तथ्याङ्क प्रणालीको स्थापना र समन्वय सम्वन्धी कार्य गर्ने।

१७. पारमाणविक पदार्थ सम्वन्धी ऐन बमोजिमको नियामक निकाय (Regulatory Board) को सचिवालयको रूपमा कार्य गर्ने।

१८. परमाणु प्रविधि राष्ट्रिय सल्लाहकार समितिको कार्य संचालन सम्वन्धी समन्वय गर्ने।

१९. पारमाणविक विज्ञानका विविध विधाहरूमा नेपाल सरकारलाई राय, परामर्श उपलब्ध गराउने।

२०. मन्त्रालयले तोके बमोजिमका अन्य कार्यहरू गर्ने।

## ४. `मन्त्रालयत्राट प्रदान गरिने सेवा

नेपालको संविधान र प्रचलित कानुनबमोजिम विद्यालय शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, उच्च शिक्षा र विज्ञान तथा प्रविधिसम्बन्धी राष्ट्रिय मापदण्ड, कानुन तथा नीतिहरूको निर्माणका अतिरिक्त मन्त्रालयले निम्न सेवाहरू प्रदान गर्दै आएको छः

- विदेश अध्ययन गर्न जाने विद्यार्थीका लागि वैदेशिक अध्ययन अनुमति-पत्र
- शैक्षिक प्रमाणपत्र प्रमाणीकरण
- विदेशी विद्यार्थी र तिनका आश्रितका लागि भिसा सिफारिस
- सार्वजनिक विद्यालयहरूले खरिद गर्ने विद्यार्थी बसका लागि भन्सार छुट सिफारिस
- शिक्षासम्बन्धी तथ्याङ्क प्रकाशन
- पारमाणविक पदार्थको अनुमति प्रदान ।

## ५. मन्त्रालयका महाशाखा, शाखा र जिम्मेवार अधिकारी

| सि.नं. | महाशाखा तथा शाखा | जिम्मेवार अधिकारी | नाम |
|---|---|---|---|
| शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | | सचिव (शिक्षा) | सुरेश अधिकारी |
| | | सचिव (विज्ञान तथा प्रविधि) | विश्वबाबु पुडासैनी |
| १ | प्रशासन महाशाखा | सहसचिव | काली प्रसाद पराजुली |
| | कर्मचारी प्रशासन तथा सुशासन प्रवर्धन शाखा | उपसचिव | दुर्गा प्रसाद भुर्तेल |
| | आर्थिक प्रशासन शाखा | उपसचिव | ईश्वरप्रसाद काफ्ले |
| | कानुन तथा फैसला कार्यान्वयन शाखा | उपसचिव (कानुन) | पिताम्बर भण्डारी |

| | | | |
|---|---|---|---|
| | आन्तरिक व्यवस्थापन शाखा | उपसचिव | तेजप्रकाश प्रसाई |
| २ | **योजना तथा अनुगमन महाशाखा** | सहसचिव | इमनारायण श्रेष्ठ |
| | योजना तथा बजेट शाखा | उपसचिव | प्रकाश सापकोटा |
| | विकास सहायता समन्वय शाखा | उपसचिव | राजु श्रेष्ठ |
| | अनुगमन तथा मूल्याङ्कन शाखा | उपसचिव | शङ्कर अधिकारी |
| | जनशक्ति विकास योजना तथा समन्वय शाखा | उपसचिव | राजु श्रेष्ठ |
| | तथ्यांक नीति तथा अनुसन्धान शाखा | उपसचिव | गौरीशंकर पाण्डे |
| ३ | **प्राविधिक तथा व्यावसायिक शिक्षा महाशाखा** | सहसचिव | श्रीप्रसाद भट्टराई |
| | प्राविधिक शिक्षा शाखा | उपसचिव | लक्ष्मी कुमार खड्का |
| | निजी तथा सहकारी संघ संस्था समन्वय शाखा | उपसचिव | अर्जुनबहादुर श्रेष्ठ |
| | व्यवसायिक तालिम प्रवर्द्धन शाखा | उपसचिव | दुर्गा कँडेल |
| | गुणस्तर प्रत्यायन शाखा | उपसचिव | लक्ष्मी कुमार खड्का |
| | शैक्षिक प्रविधि तथा विद्युतीय सुशासन शाखा | उपसचिव (सु.प्र.) | सलिना डङ्गोल |
| ४ | **उच्च शिक्षा महाशाखा** | सहसचिव | डा. कमल प्रसाद पोखरेल |
| | उच्च शिक्षा शाखा | उपसचिव | परशुराम तिवारी |
| | वैदेशिक अध्ययन अनुमति शाखा | उपसचिव | - |
| | शैक्षिक परामर्श तथा प्रमाणीकरण शाखा | उपसचिव | सेमन्तराज कोइराला |
| | छात्रवृत्ति शाखा | उपसचिव | देवीप्रसाद उपाध्याय |
| ५ | **विद्यालय शिक्षा महाशाखा** | सहसचिव | केशव प्रसाद दहाल |
| | प्रारम्भिक बाल शिक्षा तथा विद्यालय पोषण शाखा | उपसचिव | - |
| | विद्यालय शिक्षा शाखा | उपसचिव | रामप्रसाद शर्मा |
| | स्वयमसेवा परिचालन तथा भिसा शाखा | उपसचिव | फटिकबहादुर के.सी. |
| | पुस्तकालय समन्वय तथा अभिलेख शाखा | उपसचिव | यादवचन्द्र निरौला |
| | वैकल्पिक तथा निरन्तर शिक्षा शाखा | उपसचिव | फटिकबहादुर के.सी. |
| ६ | **विज्ञान प्रविधि महाशाखा** | सहसचिव | इन्दुविक्रम जोशी |
| | वैज्ञानिक अनुसन्धान शाखा | उपसचिव | सन्तोष शर्मा |
| | आविष्कार तथा नवप्रवर्तन शाखा | उपसचिव | अस्बिना बराल |
| | उपयुक्त प्रविधि शाखा | ब.नि. | मनिषा महर्जन |
| | अन्तरिक्ष तथा उदीयमान प्रविधि शाखा | सि. डि. ई. मे. | सन्तोष शर्मा |
| ७ | **पारमाणविक पदार्थ व्यवस्थापन महाशाखा** | सहसचिव | दिनानाथ मिश्र |
| | मापदण्ड, गुणस्तर तथा तथ्यांक शाखा | सि. डि. के. | शिला खतिवडा |
| | अनुमति, नियमन तथा अनुसन्धान शाखा | उपसचिव | रत्नमणि भट्टराई |
| | रासायनिक पदार्थ तथा प्रयोगशाला व्यवस्थापन शाखा | सि. डि. के. | शिला खतिवडा |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

### ६.१. सेवा प्राप्त गर्न लाग्ने दस्तुर

वैदेशिक अध्ययन अनुमति पत्रका लागि प्रति अनुमति पत्र रु २०००, सूचनाका सम्बन्धमा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ४ बमोजिम र अन्यका लागि कानुनले तोके बमोजिम।

## ६.२. सेवा प्राप्त गर्न लाग्ने अवधि

सूचनाका सम्बन्धमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधिभित्र र अन्यका हकमा नागरिक बडापत्रमा तोके बमोजिम र विशेष कानुनले अवधि तोकेकोमा सोही बमोजिम ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

सम्बन्धित अधिकारीले विषयको प्रकृति हेरी सोसँग सम्बन्धित महाशाखा र शाखामा आवश्यक कारवाहीको लागि पठाउने र शाखा प्रमुखबाट कारवाही अगाडि बढाइने गरिएको।

## ८. निर्णय उपर गुनासो सुन्ने अधिकारी

सचिव, सुरेश अधिकारी (शिक्षा)

सचिव, विश्वबाबु पुडासैनी (विज्ञान तथा प्रविधि)

## ९. सम्पादन गरेका मुख्य मुख्य कार्यहरू

विवरण सार्वजनिक भएको अवधि २०८० माघ १ गतेदेखि चैत मसान्तसम्ममा मन्त्रालयबाट सम्पादन भएका प्रमुख कार्यहरू देहायबमोजिम रहेका छन्:

- मन्त्रालयबाट सम्पादन हुने कार्यमा सुधारका लागि एकीकृत कार्यालय व्यवस्थापन प्रणाली लागू गरिएको।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अर्न्तगतका निकायमा कर्मचारीको पदस्थापन, सरुवा तथा कामकाज गर्न खटाउने सम्बन्धी मापदण्ड, २०८० स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको।
- विद्यालयमा छात्रवृत्तिको कोटा निर्धारण गरी विद्यार्थी भर्ना गर्ने गराउने व्यवस्था कार्यान्वयनका लागि सबै महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाहरूलाई अनुरोध गरिएको।
- पूर्वाञ्चल विश्वविद्यालयको उपकुलपतिमा आवेदन गर्ने १७ जनाको भिजन पेपर र चार वर्षे व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण र विज्ञद्वारा सो को मूल्याङ्कन भएको।
- त्रिभुवन विश्वविद्यालय सेवा आयोगको सदस्य नियुक्तिका लागि दरखास्त आह्वान गरिएको।
- शिक्षकहरूको जिल्लान्तर सरुवा रोकी सोसम्बन्धमा मापदण्ड तयारीको कार्य भैरहेको।
- विद्यालय सञ्चालन राष्ट्रिय मापदण्ड,२०८० सुझाव सङ्कलनका लागि सार्वजनिक गरिएको।
- प्रशिक्षार्थी (इन्टर्न) सम्बन्धी कार्यविधि, २०८० जारी गरिएको।
- चिकित्सा शिक्षासम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन, २०७४ सार्वजनिक गरिएको।
- विदेशी विश्वविद्यालयका कार्यक्रम सञ्चालन गर्ने कलेज तथा विदेशी कार्यक्रम सञ्चालनका लागि अनुमति लिएका विद्यालयका नामहरू सार्वजनिक गरिएको।
- निजामती सेवा ऐन २०४९ को दफा २० को उपदफा १ को बढुवा समितिको सिफारिस बमोजिम राजपत्राङ्कित द्वितीय श्रेणीमा बढुवा नियुक्तिका लागि सिफारिस भएका १२ जनाको बढुवा नियुक्ति तथा पदस्थापन गरिएको।
- सवारी साधनको नविकरण तथा करचुक्ता गर्ने कार्य सम्पन्न गरिएको।

- आ.व. २०८०/८१ को आर्थिक सर्वेक्षणको मस्यौदा तयार पारी अर्थ मन्त्रालय पठाइएको।
- मन्त्रालयका कर्मचारीहरूबाट २०८० साउन देखि फागुन महिनासम्म भएका अनुगमनका प्राप्त प्रतिवेदनहरूको सारांश माननीय मन्त्रीज्यू समक्ष पेश गरिएको।
- राष्ट्रिय योजना आयोगमा Pre-NDAC का लागि मन्त्रालयको प्रगति तयार पारी पठाइएको।
- आगामी आ.व. २०८१/८२ को कार्यक्रम तथा बजेट आँकलन गरी राष्ट्रिय योजना आयोग पठाइएको।
- आगामी आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम तर्जुमा गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पठाइएको।
- आगामी आ.व. २०८१/८२ का लागि प्राप्त सिलिङका आधारमा केन्द्रीय निकायलाई बजेट सिलिङ निर्धारण गरी सोही आधारमा कार्यक्रम तथा बजेट LMBIS मा प्रविष्टी गरी छलफल समेत गरिएको।
- चीन सरकारद्वारा प्राप्त छात्रवृत्तिमा अण्डरग्राजुयट र पोष्टग्राजुयट तहमा गरी जम्मा २२ जनालाई पूर्व मनोनयन गरी पठाइएको।
- MBBS-22, BDS-2, BNS-8, BAMS-16 & BSC NURSING-2 गरी जम्मा ५० जनालाई काममा खटाउने प्रयोजनका लागि सम्बन्धित निकायमा लेखी पठाइएको।
- शैक्षिक परामर्श तथा प्रमाणीकरण शाखाबाट कार्यालय सञ्चालन भएका दिनमा औसत रुपमा १५० जना सेवाग्राहीलाई विभिन्न तहका शैक्षिक योग्यताका प्रमाणपत्रहरू प्रमाणीकरणको सेवा प्रदान भइरहेको।
- विभिन्न देशमा अध्ययन गर्ने जानका लागि ३४१७८ वटा वैदेशिक अध्ययन अनुमतिपत्र (NOC) जारी गरिएको।
- रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन २०७७ मा नेपाल सरकारले पारमाणविक पदार्थ सम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्ने प्रयोजनका लागि पारमाणविक अनुसन्धान केन्द्र (Atomic Research Center) को स्थापना गर्ने व्यवस्था भएकोमा धुलिखेल नगरपालिकामा जग्गा प्राप्ति प्रक्रिया अनुसार मालपोत कार्यालयलाई पत्राचार गरिएको।
- US Department of Energy सँगको सहकार्यमा "Technical Workshop on Implementation of International Nuclear Safeguards in Nepal" कार्यक्रम विभिन्न सरोकारवाला निकायको उपस्थितिमा १८ — २१ मार्च २०२४ मा आयोजना गरिएको।
- अन्तर्राष्ट्रिय आणविक उर्जा एजेन्सी (IAEA) को सहयोग र मन्त्रालयको समन्वयमा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालमा सञ्चालनमा रहेका Technical Cooperation (TC) परियोजनाहरू NEP6003, NEP6006, NEP6008, NEP6010 र नेपाल कृषि अनुसन्धान परिषद, खुमलटारमा सञ्चालनमा रहेका Technical Cooperation (TC) परियोजनाहरू NEP5008, NEP5009, NEP5010को स्थलगत अनुगमन/सुपरिवेक्षण गरिएको।
- Technical Cooperation परियोजना अन्तर्गत IAEA बाट विभिन्न निकायमा अनुदानमा प्राप्त हुने उपकरण/सामग्रीका लागि भन्सार छुट सिफारिसका कार्यहरू गरिएको।
- रेडियोधर्मी श्रोत, अभ्यास तथा क्रियाकलापको अनुगमन तथा तथ्याङ्क सङ्कलनमा एकरूपता ल्याउनका लागि "रेडियोधर्मी श्रोत, अभ्यास तथा क्रियाकलापको अनुगमन तथा तथ्याङ्क सङ्कलन फारम (स्वास्थ्य सेवा संग सम्बन्धित)" र TC Project र क्षेत्रीय सहयोग सम्झौता

(RCA) सँग सम्बन्धित परियोजनाको Monitoring का लागि तयार गरिएको "TC/RCA Project Monitoring Form" तयार गरी स्वीकृत गरिएको।

## १०. प्रमुख, प्रवक्ता र सूचना अधिकारीको नाम र पद

प्रमुखः सचिव, सुरेश अधिकारी (शिक्षा)
सचिव, विश्वबाबु पुडासैनी (विज्ञान तथा प्रविधि)
प्रवक्ताः सहसचिव, केशव प्रसाद दहाल
सूचना अधिकारीः उपसचिव, शङ्कर अधिकारी

## ११. ऐन, नियम, निर्देशिका र कार्यविधिको सूची

छात्रवृत्ति सम्बन्धी ऐन, २०२१
शिक्षा ऐन, २०२८
नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३
प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५
नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान ऐन, २०४८
काठमाण्डौ विश्वविद्यालय ऐन, २०४८
त्रिभुवन विश्वविद्यिालय ऐन, २०४९
पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५०
विश्वविद्यालय अनुदान आयोग ऐन, २०५०
नेपाल शिक्षा सेवा गठन समूह तथा श्रेणी विभाजन र नियुक्ति नियमहरू, २०५०
प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् नियमावली, २०५१
पोखरा विश्वविद्यालय ऐन, २०५३
शिक्षक सेवा आयोग नियमावली, २०५७
शिक्षा नियमावली, २०५९
विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९
लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३
मध्यपश्चिम विश्वविद्यालय ऐन, २०६७
सुदूरपश्चिम विश्वविद्यालय ऐन, २०६७
छात्रवृत्ति सम्बन्धी नियमावली, २०७२
शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण सम्बन्धी निर्देशिका, २०७३
नेपाल खुला विश्वविद्यालय ऐन, २०७३
National Nuclear Policy, 2064 (2007)
अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५
राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५
योगमाया आयुर्वेद विश्वविद्यालय ऐन, २०७९
राष्ट्रिय परीक्षा बोर्ड नियमावली, २०७६
राष्ट्रिय शिक्षा नीति, २०७६
राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६
राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यविधि, २०७६

विद्यालय लेखाङ्कन दिग्दर्शन, २०७६
अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७
विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७
विद्यालय शिक्षासम्बन्धी आकस्मिक कार्ययोजना, २०७७
विद्यालय सञ्चालनसम्बन्धी कार्यढाँचा, २०७७
रेडियोधर्मी पदार्थको उपयोग तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७७
व्यावसायिक संस्थालाई अनुदान सहयोग कार्यविधि, २०७७
सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८
विद्यालयमा सामाजिक परीक्षण मापदण्ड, २०७८
पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८
विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड, २०७८
रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) नियमावली, २०७८
शिक्षाको सोचपत्र, २०७९
TVET Sector Strategic Plan 2023-2033
वैदेशिक अध्ययन स्वीकृतिसम्बन्धी निर्देशिका, २०७९
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अर्न्तगतका निकायमा कर्मचारीको पदस्थापन, सरुवा तथा कामकाज गर्न खटाउने सम्बन्धी मापदण्ड, २०८०
प्रशिक्षार्थी (इन्टर्न) सम्बन्धी कार्यविधि, २०८०

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण

मन्त्रालय (मात्र) को आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट चालुतर्फ ६३ करोड ५३ लाख र पूँजीगत तर्फ ११ करोड ४३ लाख गरी कुल बजेट ७४ करोड ९७ लाख रहेको छ। आर्थिक वर्षको २०८० माघदेखि चैत मसान्तसम्ममा तेस्रो त्रैमासिकका लागि विनियोजित बजेटमध्ये चालु तर्फ जम्मा ४६.९०% र पूँजीगत तर्फ ०.०% खर्च भएको छ। वार्षिक बजेटको तुलनामा हालसम्म चालूतर्फ ३७.४६ प्रतिशत र पूँजीगततर्फ ०.१४ प्रतिशत गरी जम्मा खर्च प्रतिशत ४२.६६ रहेको छ।

## १३. मन्त्रालयको वेबसाइट

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको वेबसाइटः www.moest.gov.np
भाइबरः MOEST Nepal
फेसबुक पेजः facebook.com/MoESTNepal
Twitter: @MoEST_Nepal

## १४. चालु आ.व. को बजेटमा संघीय आयोजनाहरूमा वैदेशिक अनुदान तथा ऋण

वैदिशक अनुदानः २ अर्ब ५३ करोड ७६ लाख (४.४७ प्रतिशत)
वैदेशिक ऋणः ४ अर्ब ९४ करोड २ लाख (८.६९ प्रतिशत)

## १५. मन्त्रालयको सूचना अन्यत्र प्रकाशन भएको विवरण

मन्त्रालयसँग सम्बन्धित विषयहरू मन्त्रालयको वेबसाइट www.moest.gov.np मा र मन्त्रालयको फेसबुक पेज facebook.com/MoESTNepal र Twitter ह्यान्डल @MoEST_Nepal मा नियमित

प्रकाशन हुने गरेको। मन्त्रालय अन्तर्गतका केन्द्रीय निकायहरू, परिषद्, बोर्ड, परियोजना, आयोग तथा कार्यक्रमसँग सम्बन्धित विषयहरू तत् तत् निकायबाट प्रकाशन हुने गरेको।

## १६. मन्त्रालयमा परेका सूचना माग सम्बन्धी निवेदन

मन्त्रालयको सूचना अधिकारीलाई सम्बोधन गरी १३ जनाले सूचना माग गरेकामा १२ जनालाई सूचना उपलब्ध गराइएको। सो सम्बन्धी विवरण तल तालिकामा दिइएको छ । यसका अतिरिक्त सूचना अधिकारीको इमेल तथा टेलिफोनमार्फत माग भएका सूचना सोही माध्यमबाट नियमित उपलव्ध गराउनुको साथै सम्बन्धित महाशाखा, शाखा तथा पदाधिकारीलाई सम्प्रेषण गरिएको ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार, काठमाडौं

सूचनाको हकको कार्यान्वयनको अनुगमनसम्बन्धी अद्यावधिक विवरण

अवधि २०८० माघ १ गतेदेखि चैत मसान्तसम्म

१. कार्यालयको नाम ठेगाना र सम्पर्क नम्बर

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिँहदरबार, काठमाडौं

सम्पर्क नम्बर ०१-४२००३५४, ०१-४२११९७३, ०१-४२००३५८, ०१-४२००३८२

२. सूचना अधिकारी तोकी विवरणसहितको बोर्ड टाँस गरिएको छ/छैन ?

छ: छैन:

३. सूचनाको हकसम्बन्धी ऐनको दफा ५ बमोजिमको विवरण तोकिएको समयमै सार्वजनिक गर्ने गरिएको छ/छैन ?

छ: छ छैन:

नभएमा कारण खुलाउने:

४. सेवाग्राहीले प्रस्ट देखे/बुझ्ने गरी कार्यालय परिसरमा नागरिक बडापत्र राखिएको छ/छैन ?

छ: छ छैन:

५. सूचना अधिकारीले सूचना अधिकारीको तालिम अभिमुखीकरण लिएको छ/छैन?

छ: छैन: छैन

तालिम लिएको भए विवरण खुलाउने

| क्र सं | तालिमको नाम | तालिम प्रदान गर्ने निकाय | अवधि | कैफियत |
|---|---|---|---|---|
| | | | | |

६. सूचना अधिकारीलाई प्रदान गरिएको अतिरिक्त सेवा/सुविधा:

मोबाइल: छ रिचार्ज (मासिक रकम): १०००

भत्ता (मासिक रकम): छैन अन्य (खुलाउने): छैन

७. सूचना माग सम्बन्धमा:

क. यस अवधिमा सूचना माग भए/नभएको ?

भएको: भएको नभएको:

ख. सूचना माग भएको विवरण:

दिन मिल्ने:      दिन मिल्ने      दिन नमिल्ने:

ग. यस अवधिमा सूचना माग भएको जम्मा सङ्ख्या: १२

घ. सूचना अधिकारीबाट तोकिएको समय भित्रै १५ दिन सूचना प्रदान गरिएको सङ्ख्या: ८

ङ. समयभन्दा पछाडि सूचना प्रदान गरिएको भए सो को सङ्ख्या: २

च. सूचना अधिकारीबाट उपलब्ध हुन नसकी कार्यालय प्रमुखमार्फत प्रदान गरिएको सूचनाको विवरण र सङ्ख्या: १

...........................

छ. सूचना नदिएको वा दिन नसकिएको भए सो को कारण: १ सूचना मागकर्ताले पशुचिकित्सा तथा पशुपालनको शिक्षणको सम्भाव्यता अध्ययनसम्बन्धी कार्यदलको प्रतिवेदन माग गरेको। त्यस्तो प्रतिवेदन मन्त्रालयमा उपलब्ध नभएको कारणले सूचना मागकर्तालाई सोही बमोजिम जानकारी गराइएको।

८. सूचना दिइएको वा दिन इन्कार गरेको विवरण छुट्टाछुट्टै अभिलेख राखेको नराखेको:
राखेको:      राखेको      नराखेको:

९. चालु आवमा कार्यान्वयनका लागि राष्ट्रिय सूचना आयोग केन्द्रीय समन्वय इकाई र कार्यान्वयन अनुगमन इकाईबाट प्राप्त परिपत्र निर्देशनको विवरण:
प्राप्त परिपत्रको सङ्ख्या: १ (स्वत प्रकाशन सम्बन्धमा) कार्यान्वयन भएको: मन्त्रालयसम्बद्ध र मातहतका निकायलाई सोही व्यहोरा जानकारी गराइएको।

१०. कार्यालय निकाय विरूद्ध राष्ट्रिय सूचना आयोगमा परेको उजुरी सङ्ख्या
कूल:      फछ्र्यौट भएको:      फछ्र्यौट हुन बाँकी:

११. सूचनाको हकको कार्यान्वयनको क्रममा देखा परेका समस्या तथा चुनौतिहरू के के छन् ?

- सूचना अधिकारीले मन्त्रालयबाट हुने कामसम्बन्धी गुनासा समेत समाधान गरिदिनुपर्ने अपेक्षा गरिएको।
- मन्त्रालयसँग सम्बद्ध विषयमा मात्र नभई मन्त्रालय मातहत र सम्बद्ध निकायसँग सम्बन्धित सूचना तथा विवरण समेत मन्त्रालयबाट माग गर्ने गरिएको।

१२. अन्य केही भए खुलाउनुहोस् ।

.........................................................................................................................................

## शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय

## सूचना माग र प्रवाह अभिलेख

| क्र. सं. | सूचना माग गर्नेको नाम ठेगाना र सूचना माग गरेको मिति | माग गरिएको सूचनाको सङ्क्षिप्त विवरण | सूचना दिए नदिएको र सो को निर्णय मिति | कार्यालय प्रमुख वा सूचना अधिकारी मध्ये कुन तहबाट सूचना दिएको | सूचना नदिएको भए सो को कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | हरिप्रसाद अर्याल काठमाडौं २०८० पुस २९ | २०७९/८० मा दिइएको मुद्रा सटही सिफारिस | दिएको २०८० माघ १४ | सहसचिव स्तरबाट प्रमाणित कागजात सूचना अधिकारीले उपलब्ध गराएको। | | इमेल |
| २ | रामसुभक महतो काठमाडौं २०८० पुस १२ | नेपाल सरकार र मणिपाल ग्रुपबिचको सम्झौता | दिएको २०८० माघ १२ (पुनः निवेदनपश्चात) | सहसचिव स्तरबाट प्रमाणित कागजात सूचना अधिकारीले उपलब्ध गराएको। | - | हार्डकपी |
| ३ | अमृत पुडासैनी काठमाडौं २०८० पुस २४ | विदेशी विश्वविद्यालयबाट सम्बन्धनप्राप्त कलेजमा अध्ययन गर्ने विद्यार्थी | दिएको २०८० माघ ७ | सहसचिव स्तरबाट प्रमाणित कागजात सूचना अधिकारीले | - | इमेल |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | | उपलब्ध गराएको। | | |
| ४ | लक्ष्मण लम्साल<br>स्याङ्जा<br>२०८० मङ्सिर १९ | २०८० मा कर्मचारीको वैदेशिक भ्रमण, २०८० वैशाखदेखि पुस १० सम्मका मन्त्रीस्तरीय निर्णय र सोही अवधिमा खरिद गरिएका सामग्री विवरण | दिएको<br>२०८० माघ २ | सहसचिव स्तरबाट प्रमाणित कागजात सूचना अधिकारीले उपलब्ध गराएको। | - | हार्डकपी |
| ५ | भिमबहादुर खड्का<br>काठमाडौं<br>२०८० माघ २६ | पशुचिकित्सा तथा पशुपालनको शिक्षणको सम्भाव्यता अध्ययनसम्बन्धी कार्यदलको प्रतिवेदन | नदिएको | - | मन्त्रालयमा उपलब्ध नभएको र मागकर्तालाई सोही जानकारी गराइएको । | - |
| ६ | जेनिशा तामाङ<br>नुवाकोट<br>२०८० माघ २८ | शैक्षिक प्रमाणपत्रमा नामथर तथा जन्ममिति सच्याउने विषयमा मन्त्रालयको भूमिका हुने वा नहुने सम्बन्धी जानकारी | दिएको<br>२०८० फागुन ३ | सहसचिव स्तरबाट प्रमाणित कागजात सूचना अधिकारीले उपलब्ध गराएको। | | इमेल |
| ७ | मकरबहादुर श्रेष्ठ<br>दोलखा<br>२०८० फागुन २२ | IB कार्यक्रम सञ्चालन गर्ने विद्यालयहरूको विवरण | दिएको<br>२०८० चैत ६ | सहसचिव स्तरबाट प्रमाणित कागजात सूचना अधिकारीले उपलब्ध गराएको। | | हार्डकपी |
| ८ | मिलन दाहाल<br>फरकधार डटकम<br>२०८० चैत ४ | विदेशी विश्वविद्यालयको सम्बन्धमा सञ्चालनमा रहेका उच्च शिक्षाका संस्थाहरूको विवरण | निजले मागेको विवरण वेबसाइटमा प्रकाशन भएकाले सोही जानकारी गराइएको। | | | |
| ९ | दण्डपाणी ढकाल<br>कास्की<br>२०८० चैत १५ | निलम्बन अवधिको तलबसम्बन्धमा मन्त्रालयले गरेको निर्णय | दिएको<br>२०८० चैत २० | सहसचिव स्तरबाट प्रमाणित कागजात सूचना अधिकारीले उपलब्ध गराएको। | | इमेल |
| १० | प्रजु पन्त<br>उकेरा डटकम<br>२०८० चैत ८ | व्यावसायिक संस्थालाई अनुदान वितरणसम्बन्धी | दिएको<br>२०८० चैत २० | सहसचिव स्तरबाट प्रमाणित कागजात सूचना अधिकारीले उपलब्ध गराएको। | | इमेल |
| ११ | माननीय निशा डाँगी<br>काठमाडौं<br>२०८० चैत ८ | भारतीय दुतावासबाट निर्माण भएका विद्यालयसम्बन्धी विवरण | दिएको<br>२०८० चैत २१<br>भारतीय दुतावासबाट सिधै सहयोग गरी निर्माण भएका विद्यालयको विवरण मन्त्रालय र विभागीय निकायमा नरहेकोले सोही विषय जानकारी | सहसचिव स्तरबाट प्रमाणित कागजात सूचना अधिकारीले उपलब्ध गराएको। | | इमेल |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | गराइएको, अन्य विवरण उपलब्ध गराइएको। | | | |
| १२ | सत्य र न्यायको खोजी अभियान २०८० चैत ८ (दर्ता मिति) | निजी मेडिकल कलेजले विद्यार्थीसँग लिने धरौटी विवरण | दिएको २०८० चैत १८ (चलानी मिति) प्रचलिति कानुनमा चिकित्सा शिक्षा आयोग र विश्वविद्यालयसँग मात्र रहने विवरण माग गरेकामा सोही बमोजिमको व्यहोरा खुलाई जानकारी गराइएको। | सहसचिव स्तरबाट प्रमाणित कागजात सूचना अधिकारीले उपलब्ध गराएको। | | इमेल |